## नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं वार्षिक साधारण सभा र
## निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

२०७९ चैत्र २८-२९ गते बस्ने यस महासंघको ५७ औं वार्षिक साधारण सभाले गर्ने निर्वाचन सम्बन्धमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन गर्ने वारे यस अघि नै महासंघको सचिवालयबाट परिपत्र र सूचना पठाई सकिएको छ । निर्वाचन अधिकृतबाट देहाय बमोजिम निर्वाचन कार्यक्रम तालिका तय भएकोले महासंगका सबै सदस्य संघ/ संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ:

| | | |
|---|---|---|
| १. | मतदान गर्न पाउने सदस्य संघ संस्थाहरुको नामावली प्रकाशन | मिति २०७९/१२/०५ गते ५:०० बजे |
| २. | मतदान गर्न पाउने सदस्य संघ संस्थाहरुको नामावली उपर दावी विरोध | मिति २०७९/१२/०६ गते ११ बजे देखि मिति २०७९/१२/०८ गते दिनको २:०० बजे सम्म |
| ३. | मतदान गर्न पाउने सदस्य संघ संस्था विरुद्ध परेको दावी विरोध उपर छानविन गरी संशोधित नामावली प्रकाशन | मिति २०७९/१२/०८ गते ४:०० बजे |
| ४. | उम्मेदवार हरुको मनोनयन पत्र दाखिला | २०७९/१२/२१ गते साँझ ५:०० बजे सम्म |
| ५. | उम्मेदवारको प्रारम्भिक सुची प्रकाशन | मिति २०७९/१२/२१ गते साँझ ७:०० बजे |
| ६. | सक्कल कागजात प्राप्त भए पश्चात सो प्रमाणहरुको आधारमा उम्मेदवारहरुको दोश्रो सूची प्रकाशन | मिति २०७९/१२/२५ गते साँझ ६:०० बजे |
| ७. | उम्मेदवारको मनोनयन पत्र उपर दावि विरोध | मिति २०७९/१२/२६ गते ११:०० बजे देखि दिउँसो २:०० बजे सम्म |
| ८. | मनोनयन पत्र उपर परेको दावि विरोध उपर छानबिन र सो पश्चात सूची प्रकाशन | मिति २०७९/१२/२७ गते ११:०० बजे |
| ९. | मतदान गर्न पाउने सदस्य संघ संस्था प्रतिनिधिहरुको सूची प्रकाशन | मिति २०७९/१२/२७ गते ६:०० बजे |
| १०. | मतदान गर्न पाउने सदस्य संघ संस्था प्रतिनिधि उपरको दावि विरोध र छानबिन एंव निर्णय | मिति २०७९/१२/२८ गते १०:३० बजे देखि अपरान्ह २:०० बजे सम्म |
| ११. | मतदान गर्न पाउने सदस्य प्रतिनिधिहरूको अन्तिम सूची प्रकाशन | मिति २०७९/१२/२८ गते दिनको ५ :०० बजे |
| १२. | उम्मेदवारले मनोनयन फिर्ता लिने | मिति २०७९/१२/२७ गते १२:०० बजे देखि २:०० बजे सम्म |
| १३. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | मिति २०७९/१२/२७ गते दिउँसो ४:०० बजे |
| १४. | निर्वाचन | मिति २०७९/१२/२९ गते बिहान ८:०० बजे देखि दिउँसो ४:०० बजे सम्म |
| १५. | मत गणना | मतदान समाप्त भएपछि |
| १६. | निर्वाचन नतिजाको घोषणा | मतगणना समाप्त भएपछि |

नोट : १. मतदाता सूचीमा समावेश भएको तर तोकिएको मितिसम्म नवीकरण गर्न नभ्याउने सदस्य संघ / संस्था लाई नवीकरण दस्तुर बुझाइ आ. व. २०७९/०८० सम्मको नवीकरण गर्ने समय मिति २०७९ साल चैत्र २७ गते दिनको ५:०० बजे सम्म कायम

गरिएको छ । सो समय सम्म पनि नवीकरण नगर्ने सदस्य संघ/ संस्थाले मतदाता सूचीमा नाम भए पनि मतदानमा भाग लिन पाउने छैन ।

२. माथि प्रकरण नम्बर १ देखि १३ सम्मको निर्वाचन कार्यक्रम महासंघको सचिवालय, टेकु, काठमाण्डौमा र प्रकरण नं. १४ देखि १६ सम्मको निर्वाचन कार्यक्रम महासंघको साधारण सभा हुने स्थान नेपाल प्रज्ञा प्रतिष्ठान भवन कमलादी, काठमाण्डौमा सम्पन्न हुने व्यहोरा सूचित गरिन्छ ।

३. प्राविधिक कारणले प्रकाशित कार्यक्रम अनुसारको समयमा कुनै कार्यक्रम सम्पन्न हुन नसकेमा निर्वाचन समितिले तत्काल अर्को सूचना प्रकाशित गर्नेछ । प्रकाशित कार्यक्रम अनुरूप कुनै दिन सार्वजनिक बिदा परेमा पनि तोकिएको कार्य सम्पन्न गरिने छ ।

४. उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा मनोनयन पत्रको साथमा देहाएका कागजातहरु अनिवार्य पेश गर्नु पर्ने छ :

मनोनयन पत्र मिति २०७९/१२/२१ गते दिनको ५:०० बजे सम्म दर्ता गराउन सकिने छ ।

क. सम्बन्धित सदस्य संघ/ संस्थाको तर्फबाट उम्मेदवारी मनोनयन गर्न चाहनेले सम्बन्धित सदस्य संघ/संस्थाको कार्यकारिणी समिति/सञ्चालक समितिबाट उम्मेदवारी खडा गर्ने विषयमा भएको निर्णयको प्रमाणित प्रतिलिपि ।

ख. वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष एवं कार्यकारिणी समितिको सदस्यपदमा उम्मेदवारी मनोनयन दर्ता गर्न चाहनेले महासंघको विधानको दफा ४६, तथा नियमावली बमोजिम योग्यता रहेको देखिने कागजपत्रको प्रमाणीत प्रतिलिपि ।

ग. एशोसिएट सदस्यको तर्फबाट उम्मेदवारी दर्ता गर्न चाहनेले फोटो सहितको परिचयपत्र र मुख्य प्रतिनिधिको रुपमा छनोट भएको निर्णयको प्रमाणित प्रतिलिपि ।

घ. दावी बिरोध उजुरी गर्दा पुष्टि हुने प्रमाण सहित गर्नु पर्ने छ ।

ङ. उम्मेदारको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

५. अन्य विषयमा जानकारी चाहिएमा महासंघको वेबसाइटमा हेर्न र निर्वाचन समितिमा सम्पर्क गर्न हुन समेत सूचित गरिन्छ ।

| | | |
|---|---|---|
| रमण कुमार कर्ण | माधव प्रसाद भट्टराई | लीलामणि पौडेल |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |
| नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल उद्योग वाणिज्य महासंघ |

मिति : २०७९ साल चैत्र ०५ गते रोज ०१ मा ।